**Kaumodaki : Journal of Multidisciplinary Studies**
[A Peer-Reviewed, Open Access Journal; Indexed in NepJoL]
ISSN : 2822 - 1567 (Print); ISSN : 2822 -1583 (Online)
Published by Research Management Cell, Shree Vinduwasini Sanskrit Vidyapeeth (Campus)
Nepal Sanskrit University, Pokhara, Nepal
https://ejournal.vsc.edu.np

# भाँडो कथामा बाह्य सीमित दृष्टिविन्दुगत पद्धति

**त्रिभुवन बरई**
Department of Nepali, Bhairahawa Multiple Campus, Bhairahawa, Nepal

***Article History***: *Submitted 05 Dec. 2024; Reviewed 20 Dec. 2024; Accepted 27 Dec. 2024*
***Corresponding Author***: *Tribhuwan Barai,* ***Email***: *tribhuwanbarai455@gmail.com*
***DOI :*** *https://doi.org/10.3126/kdk.v5i1.73656*

*Copyright 2025 © the Author(s) and the Publisher*

**लेखसार**

*प्रस्तुत लेखमा दृष्टिविन्दुको सैद्धान्तिक पर्याधारको केन्द्रीयतामा गोविन्दबहादुर मल्लद्वारा लिखित 'भाँडो' कथाको मूल्याङ्कन गरिएको छ । उक्त कथामा प्रयुक्त बाह्य सीमित दृष्टिविन्दुगत पद्धतिहरूको खोजी गर्नाका निम्ति यो अध्ययन गरिएको हो । प्राथमिक एवम् द्वितीयक स्रोतका सामग्रीको उपयोग गरी बाह्य सीमित दृष्टिविन्दुको सैद्धान्तिक पर्याधारलाई आधार मानी पाठविश्लेषणात्मक अनुसन्धान विधि अपनाई यस लेखलाई पूर्ण बनाइएको छ। सीमितदर्शी असंलग्न समाख्याताको आबद्धता, कथानकनिर्मितिमा एकल पात्रको केन्द्रीयता, पात्रविधानमा एकल पात्रको सर्वोपरिता, सारवस्तुको प्रस्तुतीकरण र बोधको माध्यममा एकल पात्रको केन्द्रीयता तथा एकल पात्रको मनोविश्लेषण गरी पाँचओटा सूचकको केन्द्रीयतामा प्रस्तुत कथाको विश्लेषण गरिएको छ। यस लेखको अन्त्यमा एकमात्र तृतीय पुरुष पात्रको केन्द्रीयतामा कथाका समाख्याता, कथानक, पात्र, सारवस्तु र मनोविश्लेषणजस्ता पक्षहरूको विधान गर्ने पद्धतिको अनुसरणमा निर्मित प्रस्तुत कथा लघु, सुगठित र प्रभावान्वितिपूर्ण बनेको एवम् यस्तो बाह्य सीमित दृष्टिविन्दुगत पद्धतिको प्रयोग गर्ने विशिष्ट सामर्थ्य कथाकार गोविन्दबहादुर मल्लमा रहेको तथा यस अध्ययनले स्रष्टालाई एकमात्र तृतीय पुरुष पात्रको केन्द्रीयतामा आख्यानात्मक कृति रचना गर्ने, समालोचक र अध्ययनकर्तालाई आख्यानात्मक कृतिको मूल्य पहिल्याउने एवम् पाठकलाई कृतिको संरचनात्मक र सारवस्तुगत पक्षको आस्वादन गर्ने कार्यमा सघाउने सार प्राप्त हुनुलाई निष्कर्षका रूपमा प्रस्तुत गरिएको छ ।*

**शब्दकुञ्जी :** चरमोत्कर्षता, चेतन मन, जीवनमूलप्रवृत्ति, दृष्टिविन्दुपात्र, समाख्याता

## विषयपरिचय

एक युवकको कामवृत्तिप्रतिको चाहना र होटेलमा काम गरी जीवनयापन गर्ने सीमान्त समुदायको जीवनपद्धतिमा आधारित 'भाँडो' गोविन्दबहाददुर मल्लको उत्कृष्ट कथात्मक कृति हो । यस कथामा एकातिर उमेर बढ्दै जाँदा युवाहरूमा बढ्दै जाने कामवृत्तिप्रतिको चाहना र विपरीत लिङ्गीप्रतिको आकर्षणको अभिव्यक्ति गरिएको छ भने अर्कोतिर होटेलमा काम गरी जीवनयापन गर्ने निम्नवर्गीय मानिसहरूको अभावपूर्ण, अपमानयुक्त र किनाराकृत

जीवनपद्धतिको अङ्कन गरिएको छ। एकमात्र तृतीय पुरुष पात्रको केन्द्रीयतामा प्रस्तुत कथाको संरचनालाई सुगठित तुल्याइएको छ । अतः मान्छेको जीवनमा महत्त्वपूर्ण स्थान राख्ने यौनमनोविज्ञान, सीमान्त समुदायको किनाराकृत जीवनपद्धतिगत विषयवस्तु र एकल पात्रीय संरचनागत लेखनपद्धतिमा केन्द्रित प्रस्तुत कथाको मूल्यनिरूपण गर्नु आवश्यक देखिन्छ ।

सीमितदर्शी असंलग्न समाख्याताको आबद्धता, एकमात्र तृतीय पुरुष पात्रको कथात्मक संरचनागत केन्द्रीयता तथा एकमात्र पात्रको मनोविश्लेषणमा आधारित रही कथाको रचना गर्नुपर्ने मान्यता अवलम्बन गर्ने दृष्टिविन्दुगत पद्धति नै बाह्य सीमित दृष्टिविन्दुगत पद्धति हो । यस पद्धतिले सीमितदर्शी असंलग्न समाख्याताका माध्यमबाट कथालाई पाठकसमक्ष पुऱ्याउने दृष्टिकोण प्रस्तुत गर्दछ । यसैगरी यस पद्धतिले एकमात्र तृतीय पुरुष पात्रको केन्द्रीयतामा कथाको कथानकयोजना, पात्रविधान र सारवस्तुको व्यवस्थापनमा कथालाई परिपाकमा पुऱ्याउने अभिमत पनि प्रस्तुत गर्दछ। त्यसैगरी यस पद्धतिले एकमात्र पात्रको मनोविश्लेषण गरी एकमात्र पात्रको मानसिक अवस्थाको द्योतन गर्ने पद्धतिको अवलम्बनमा कथाको संरचना निर्मिति गर्नुपर्ने मार्गनिर्देशसमेत गर्दछ। गद्य भाषा, संलग्न र असंलग्न समाख्याताको आबद्धता एवम् लघु आयतनमा संरचित आख्यानात्मक श्रव्यपाठ्य साहित्यिक कृति नै कथा हो। यस्तो मौलिक पहिचानयुक्त कथानिर्मितिको एकल तृतीय पुरुष पात्रीय पद्धतिमा आधारित गोविन्दबहादुर मल्लको 'भाँडो' महत्त्वपूर्ण कृतिका रूपमा रहेको छ। स्वतन्त्र लेखन पद्धति र विधातत्त्वका आधारमा उक्त कृतिको केही सामान्य अध्ययन गरिए पनि कथाको तत्त्वमध्येको दृष्टिविन्दुअन्तर्गतको बाह्य सीमित दृष्टिविन्दुको सैद्धान्तिक पर्याधारको केन्द्रीयतामा शोधपरक अध्ययनको रिक्तता रहेको कुरालाई यस अध्ययनको पूर्वकार्यको समीक्षाले समेत प्रस्ट्याएको छ। अतः यसै अभावको परिपूर्तिका निम्ति प्रस्तुत अध्ययन गरिएको हो । उक्त सिद्धान्तको केन्द्रीयतामा प्रस्तुत कृतिको विश्लेषण गर्नु नै यस लेखको मुख्य प्राज्ञिक समस्या हो । यसै प्राज्ञिक समस्यालाई शोधपरक ढङ्गले समाधान गर्नाका निम्ति 'गोविन्दबहादुर मल्लको भाँडो कथामा बाह्य सीमित दृष्टिविन्दुका केकस्ता पद्धतिहरूको प्रयोग गरिएको छ ?' जस्तो शोधप्रश्नको निर्मिति गरिएको छ भने उक्त शोधप्रश्नलाई समाधान गर्नाका निम्ति 'गोविन्दबहादुर मल्लको भाँडो कथामा प्रयुक्त बाह्य सीमित दृष्टिविन्दुगत पद्धतिको खोजी गर्नु' लाई प्रस्तुत अध्ययनको उद्देश्यका रूपमा वरण गरिएको छ ।

आख्यानकारलाई असंलग्न सीमितदर्शी र एकमात्र तृतीय पुरुष पात्रको मनोविश्लेषणसहित एकल पात्रीय पद्धतिको केन्द्रीयतामा आख्यानात्मक कृतिको रचना, द्रष्टालाई आख्यानात्मक कृतिको मूल्यनिर्धारण तथा पाठकलाई एकल तृतीय पुरुष पात्रको सेरोफेरोमा आख्यानात्मक कृतिको आस्वादन गर्ने कार्यमा सघाउने भएकाले प्रस्तुत अध्ययन पुस्तकालयीय प्रयोजनका कोणले उपादेयपूर्ण रहेको कुरा छर्लङ्ग हुन्छ । गोविन्दवहादुर मल्लको 'भाँडो' कथाको मात्र अध्ययन गर्नुलाई यस लेखको कृतिगत तथा बाह्य सीमित दृष्टिविन्दुगत पद्धतिसँग सम्बद्ध सीमितदर्शी असंलग्न समाख्याता, कथानकनिर्मितिमा एकल पात्र, पात्रविधानमा एकल पात्र, सारवस्तुको प्रस्तुतीकरण र बोधको माध्यममा एकल पात्र तथा एकल पात्रको मनोविश्लेषणजस्ता पक्षहरूको मात्र उपयोग गर्नुलाई यस लेखको सैद्धान्तिक क्षेत्रका रूपमा वरण गरिएको छ। उक्त कृति र बाह्य सीमित दृष्टिविन्दुका उपर्यक्त पक्षबाहेकका अन्य पक्षको अध्ययन नगरिनुलाई प्रस्तुत लेखको क्रमशः कृतिगत र सैद्धान्तिक सीमा मानिएको छ।

## अध्ययन विधि

प्रस्तुत लेखमा अवलम्बित सामग्रीसङ्कलन, सैद्धान्तिक पर्याधार एवम् विश्लेषणीय प्रारूप र विधिलाई निम्नअनुसार प्रस्तुत गरिएको छ :

## सामग्रीसङ्कलन

प्रस्तुत लेखका निम्ति आवश्यक सामग्रीको सङ्कलन पुस्तकालयीय स्रोतबाट गरिएको छ । यस लेखमा आधारभूत सामग्रीका रूपमा गोविन्दबहादुर मल्लको 'भाँडो' कथा तथा सहायक सामग्रीका रूपमा बाह्य सीमित दृष्टिविन्दुको सैद्धान्तिक पर्याधार एवम् विश्लेषणीय प्रारूप र विधिको निर्धारण गर्नाका निम्ति विभिन्न लेखक एवम् अध्येताद्वारा गरिएका पूर्वअध्ययनहरूलाई उपयोगमा ल्याइएको छ । यस लेखका निम्ति आवश्यक मुख्य सामग्रीको छनोट सोद्देश्य नमुना छनोट विधिका आधारमा गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

सीमितदर्शी असंलग्न समाख्याताको आबद्धता, एकल तृतीय पुरुष पात्रको केन्द्रीयता र एकमात्र पात्रको मनोविश्लेषणमा आधारित रही कथाको संरचना निर्मिति गर्नुपर्ने मान्यता प्रस्तुत गर्ने सैद्धान्तिक पर्याधार नै बाह्यसीमित दृष्टिविन्दुगत पद्धति हो । समाख्याता कथामा पात्रका रूपमा संलग्न नभई कथाबाहिर रही कथयिताको भूमिका वहन गर्ने, एकमात्र तृतीय पुरुष पात्रलाई सर्वोपरि भूमिका र हैसियतमा राख्ने, एकमात्र पात्रको मनोविश्लेषण गर्ने, कथाका कथानकयोजना, पात्रविधान, सारवस्तुजस्ता तत्त्वको विधानमा एउटै पात्रको केन्द्रीयता देखाउने, एकमात्र दृष्टिविन्दुपात्रको प्रयोग गर्ने तथा पाठकलाई कथाको संरचनात्मक र सारवस्तुगत पक्षको आस्वादनका निम्ति दृष्टिविन्दुपात्रकै गतिविधि र क्रियाकलापप्रति आकर्षित गर्ने बाह्य दृष्टिविन्दु नै बाह्य सीमित दृष्टिविन्दु हो (बरई, २०८०, पृ.२०२) । सङ्कथनमा घटित घटनालाई व्यक्त गर्ने व्यक्ति नै समाख्याता हो (Prince, 2003, P.67) । समाख्याताकै माध्यमबाट लेखकले कथा प्रस्तुत गर्दछ (Lubbock, 2006, P.19) । समाख्याताको आवाजले या कथा भन्छ या कथा देखाउँछ (Chatman, 1993, p.19) । समाख्याताले विभिन्न पात्रको मानसिक चिन्तन र धारणा बुझ्ने सामर्थ्य आफूमा राख्दछ (Scholes, comley, Klaus & Silverman, 2000, p.133) । पात्रसम्बद्धताका आधारमा समाख्याता संलग्न र असंलग्न गरी दुई प्रकारको हुन्छ (गौतम, २०७१, पृ.९) । कथामा प्रथम पुरुष पात्रका रूपमा सहभागी हुने समाख्याता संलग्न तथा कथाबाहिर रही कथा प्रस्तुत गर्ने समाख्याता असंलग्न समाख्याता हो । समाख्याताको भूमिका र पात्रहरूका विषयमा उसले राख्ने जानकारीका आधारमा समाख्याता सर्वज्ञ, सीमितदर्शी र तटस्थदर्शी गरी तीन प्रकारको हुन्छ (बरई, २०८०, पृ.३१) । कथाबाहिर रही कथाको एकमात्र पात्र र उससँग सम्बद्ध सम्पूर्ण पक्षका विषयमा सर्वज्ञान राख्ने तथा उही पात्रको चरित्राङ्कनमा आफ्नो सम्पूर्ण ध्यान केन्द्रित गर्ने असंलग्न समाख्याता नै सीमितदर्शी असंलग्न समाख्याता हो (बरई, २०८०, पृ.३१) । उपर्युक्त तथ्यलाई दृष्टिगत गर्दा कथानकीय संरचनामा समाख्याताको महत्त्वपूर्ण भूमिका रहने तथा असंलग्न समाख्याताअन्तर्गत सीमितदर्शी समाख्याता समेटिने निष्कर्ष प्राप्त हुन्छ ।

बाह्य सीमित दृष्टिविन्दुगत पद्धतिले कथानकको निर्मितिमा एकल तृतीय पुरुष पात्रलाई सर्वोपरि महत्त्व दिन्छ । बाह्य सीमित दृष्टिविन्दुगत पद्धतिले कथानकनिर्मितिमा एकल तृतीय पुरुष पात्रको वैयक्तिक जीवनको सर्वोपरिता, कथाको कार्यव्यापार र द्वन्द्वमा एकल तृतीय पुरुष पात्रको केन्द्रीयता तथा कथानकविकासमा उक्त पात्रकै प्रमुखता कायम गर्नुपर्ने मान्यता प्रस्तुत गर्दछ (बरई, २०८०, पृ.४७) । उपर्युक्त तथ्यहरूलाई वरण गर्दा प्रस्तुत दृष्टिविन्दुगत पद्धतिले कथानकको निर्मिति एकल तृतीय पुरुष पात्रको केन्द्रीयतामा गर्नुपर्ने मान्यता आत्मसात् गरेको निष्कर्ष प्राप्त हुन्छ ।

बाह्य सीमित दृष्टिविन्दुले कथाको पात्रविधानमा एकल तृतीय पुरुष पात्रको केन्द्रीयता कायम गर्नुपर्ने पद्धति अवलम्बन गर्दछ । क्रियाव्यापार र द्वन्द्वको संवाहक नै पात्र हो (श्रेष्ठ, २०६०, पृ.१०) । बाह्य सीमित दृष्टिविन्दुले

कथासंरचनामा एकल तृतीय पुरुष पात्रको सर्वाधिक उपस्थिति, कथाको चरमोत्कर्षताको वास्तविक भोक्ताको भूमिकामा उक्त पात्रको आबद्धता तथा उक्त पात्रकै सेरोफेरोमा अन्य पात्रहरूको भूमिका निर्धारण गर्नुपर्ने मान्यता प्रस्तुत गर्दछ (बरई, २०८०, पृ.७१) कथाको चरमोत्कर्षतामा दृष्टिविन्दुपात्रको उपस्थिति अनिवार्य मानिन्छ (Kress, 2013, p.196)। उपर्युक्त तथ्यहरूलाई अवलम्बन गर्दा बाह्य सीमित दृष्टिविन्दुले कथाको पात्रविधानमा एकल तृतीय पुरुष पात्रको केन्द्रीयता कायम भएको पद्धतिको अनुसरण गर्ने सार प्राप्त हुन्छ।

बाह्य सीमित दृष्टिविन्दुले कथाको सारवस्तुको प्रस्तुतीकरण र बोधको माध्यम पात्रको भूमिकामा एकल तृतीय पुरुष पात्रलाई आबद्ध गर्नुपर्ने मान्यता प्रस्तुत गर्दछ। कथाकारले कथाका माध्यमबाट अभिव्यक्त गर्ने दृष्टिकोण, अवधारणा र जीवनदर्शन नै सारवस्तु हो। यस तत्त्वमा जीवनको सामान्यीकरण गरिएको हुन्छ (बराल, २०६९, पृ.१२)। सन्देशवहकता र जीवनजगत्गत पक्षको प्रस्तुतिका आधारमा पात्रलाई दृष्टिविन्दुपात्र र गैरदृष्टिविन्दुपात्रका रूपमा विभाजन गरिएको छ (बरई, २०८०, पृ.७०)। संसारको अनुभूति गराउने पात्र नै दृष्टिविन्दुपात्र हो (Kress, 2013, P.157)। सन्देशवहकताको केन्द्रीयता, अन्य पात्रका आचरण र व्यवहारको द्योतन तथा विमर्शको प्रस्तुतीकरणमा एकमात्र तृतीय पुरुष पात्रलाई आबद्ध गर्नुपर्ने मान्यता यस दृष्टिविन्दुले प्रस्तुत गरेको छ (बरई, २०८०, पृ.९४)। उपर्युक्त तथ्यहरूलाई आत्मसात् गर्दा बाह्य सीमित दृष्टिविन्दुले सारवस्तुको प्रस्तुतीकरण र बोधको माध्यम पात्रको भूमिकामा एकमात्र तृतीय पुरुष पात्रलाई आबद्ध गर्नुपर्ने पद्धति अवलम्बन गर्ने कुरा छर्लङ्ग हुन्छ।

बाह्य सीमित दृष्टिविन्दुले एकमात्र तृतीय पुरुष पात्रको मनोविश्लेषण गर्नुपर्ने पद्धतिको अवलम्बन गर्दछ। पात्रको मानसिक प्रतिक्रियात्मक अवस्थाको प्रस्तुतीकरण गर्ने कार्य नै पात्रको मनोविश्लेषण हो। जीवनमूलप्रवृत्ति, मृत्युमूलप्रवृत्ति, चेतन मन, अचेतन मन, हीनताग्रन्थि, कामवृत्ति आदि पात्रहरूको मनोविश्लेषण पहिल्याउने मनोवैज्ञानिक आधार हुन्। बाह्य सीमित दृष्टिविन्दुप्रयुक्त कथामा एकमात्र पात्रको मानसिक अवस्थाको प्रस्तुतीकरण गरिन्छ (श्रेष्ठ, २०३९, पृ.६०)। उपर्युक्त तथ्यहरूई आत्मसात् गर्दा प्रस्तुत दृष्टिविन्दुले एकमात्र पात्रको मानसिक अवस्थाको द्योतन गर्ने पद्धति अपनाउने सार प्राप्त हुन्छ। यिनै सैद्धान्तिक पर्याधार र मान्यताको उपयोग गरी प्रस्तुत लेखलाई परिपाकमा पुऱ्याइएको छ।

## विश्लेषणीय प्रारूप र विधि

प्रस्तुत लेखसँग सम्बद्ध मुख्य सामग्रीको विश्लेषणका निम्ति बाह्य सीमित दृष्टिविन्दुसँग सम्बद्ध सीमितदर्शी असंलग्न समाख्याताको आबद्धता, कथनकनिर्मितिमा एकल पात्रको केन्द्रीयता, पात्रविधानमा एकल पात्रको सर्वोपरिता, सारवस्तुको प्रस्तुतीकरण र बोधको माध्यममा एकल पात्रको केन्द्रीयता तथा एकल पात्रको मनोविश्लेषण गरी पाँचओटा प्रारूपको निर्क्योल गरिएको छ। विश्लेषणका यिनै पाँचओटा सूचकका केन्द्रीयतामा गोविन्दबहादुर मल्लको 'भाँडो' कथाको सूक्ष्म पठन गरी आवश्यक तथ्य, साक्ष्य र उद्धरण सङ्कलन गरी तिनको वर्णन, व्याख्या र विश्लेषण गर्दै निष्कर्षमा पुगिएकाले प्रस्तुत लेखलाई पाठविश्लेषण विधिको केन्द्रीयतामा पूर्णता प्रदान गरिएको कुरा स्पष्ट हुन्छ।

## विश्लेषण र नतिजा

गोविन्दबहादुर मल्लको 'भाँडो' कथामा प्रयुक्त बाह्य सीमित दृष्टिविन्दुगत पद्धतिसँग सम्बद्ध मुख्य सामग्रीको विश्लेषण र उक्त विश्लेषणबाट प्राप्त नतिजालाई निम्नअनुसार प्रस्तुत गरिएको छ :

## सीमितदर्शी असंलग्न समाख्याताको आबद्धता

गोविन्दबहादुर मल्लको 'भाँडो' कथामा सीमितदर्शी असंलग्न समाख्याताको आबद्धता रहेको छ । कथाबाहिर रही एकमात्र तृतीय पुरुष पात्रलाई कथात्मक संरचनामा सर्वाधिक महत्त्व दिने र एकमात्र पात्रको मनोविश्लेषण गर्ने समाख्याता नै असंलग्न सीमितदर्शी समाख्याता हो । कुनै एकमात्र पात्रका विषयमा सर्वज्ञाता हुने, उक्त पात्रका विषयमा समाख्याताले जानेजति पात्र स्वयम्ले पनि नजान्नेजस्ता वैशिष्ट्य यस समाख्याताले आत्मसात् गरेको हुन्छ (बराल र एटम, २०६६, पृ.३६) । प्रस्तुत कथाको समाख्याताले आफूलाई कुनै पात्रका रूपमा कथामा संलग्न नगराईकन कथाबाहिर रही एकमात्र तृतीय पुरुष पात्र भीमबहादुरको अभावग्रस्त जीवनपद्धति र यौनमनोविज्ञानसँगको तथ्य र विषयवस्तुको वर्णन गरेको छ । उक्त पात्रसँग सम्बद्ध आन्तरिक तथा बाह्य प्रकृतिका विषयवस्तुको पूर्ण जानकारी प्राप्त गरेको यस कथाको समाख्याताले कुनै पहाडी गाउँबाट नवयुवक काठमाडौँ आएको, होटेलमा काम गरेको, होटेल मालिकको परिवारका सदस्यहरूबाट समयसमयमा हप्कीदप्की खाइरहेको, होटेलवालाकी ठुली बुहारीलाई अर्धनग्नतासाथ नुहाउँदाका अवस्थामा देखी कामवासनात्मक दृष्टिले उत्प्रेरित भएको तथा त्यस बुहारीद्वारा उसलाई निर्जीव वस्तु (भाँडो) कै रूपमा देखिएको जस्ता भीमबहादादुरसँग सम्बद्ध विषयवस्तुको वर्णन गरेको छ । यस क्रममा यस कथाको समाख्याताले उक्त पात्रसँग सम्बद्ध विषयवस्तुको प्रस्तुतिमा वर्णनात्मक, संवादात्मक र मानसिक प्रतिक्रियात्मक उपायको अवलम्वन गरेको छ । यस कुरालाई तलको कथांशद्वारा थप प्रस्ट्याइएको छ :

> भीमबहादुर धारानिर बसेर भाँडो माझिरहेको थियो । उसलाई आज साह्रै हतारो छ, ढिलो गर्न हुँदैन । ठुलो मालिक कुन्नि किन हो कहाँ जानुहुन्छ रे । बिहान सबैरे चिसो छ, केही जाडोजस्तो पनि छ । छिटो काम गर्दा बल परेकाले जीउ तातिरहेछ र मनको सोचाइ हलुङ्गो पारेर माथि उडाइरहेछ । ऊ सोचिरहेको थियो- अब त घर नगइछाड्दिन । कुन्नि ! मालिकले कसरी बिदा नदिँदो रहेछ हेरूँ । त्यसै बखत मालिकको ठुलो छोरो जेठाकाजीले बोलायो- "भीमे, भीमे ।" भीमे एकचोटि त झस्क्यो, त्यसपछि करायो-"हजुर ।"
>
> "चुरोट किनेर ले, जा ।"...
>
> "माथि आइज ।"
>
> "होइन हजुर, भाँडा माझिरहेको छु, हतारो छ । तपाईँलाई थाहा छैन ।" (पृ.७१)

उपर्युक्त कथांशमध्येको प्रारम्भिक भागदेखि "ऊ सोचिरहेको थियो" को पूर्वसम्मको भागमा अङ्कित भीमबहादुर धारानेर बसेर भाँडा माझिरहेको, काम सक्दो छिटो सक्नुपर्ने, मालिक कतै कामविशेषले जानुपर्नेलगायतका तथ्यहरूलाई वर्णनात्मक उपायका माध्यमबाट समाख्याताले पाठकसमक्ष पुऱ्याएको कुरालाई उल्लिखित कथांशले स्पस्ट्याएको छ । यसैगरी उसले आफ्नो मनमा स्मरण गरेका घर फर्कनुपर्ने, मालिकसित बिदा लिएरै छोड्नेजस्ता कुराको प्रस्तुतिमा समाख्याताले मानसिक प्रतिक्रियात्मक उपायको अवलम्बन गरेको कुरालाई उक्त अभिव्यक्तिले प्रस्ट्याएको छ । त्यसैगरी समाख्याताले जेठाकाजी र भीमबहादुरलाई संवादमा संलग्न गराई पात्रसँग सम्बद्ध विषयवस्तुको प्रस्तुतिमा भनाइगत उपायको उपयोग गरेको कुरालाई छर्लङ्ग्याएको छ । यसरी नै उक्त कथांशले प्रस्तुत कथाको समाख्याता कथाभन्दा बाहिर रही कथा व्यक्त गरेको, एकमात्र तृतीय पुरुष पात्रलाई सर्वाधिक महत्त्व दिएको, उसका विषयमा सर्वज्ञान राखेको, उसको मनोविज्ञानसमेत प्रस्तुत गरेको तथा उसैको वैयक्तिक जीवनसँग सम्बद्ध पक्षको अङ्कन गरेको कुरालाई समेत उक्त कथांशले छर्लङ्ग्याएको छ । अतः एउटा मात्र तृतीय पुरुष पात्रको केन्द्रीयता र मनोविश्लेषणमा कथाको संरचना निर्मिति गर्नुपर्ने दृष्टिविन्दुगत सिद्धान्तलाई प्रस्तुत कथाले अवलम्बन गरेको हुनाले उक्त कथामा सीमितदर्शी असंलग्न समाख्याताको आबद्धता रहेको कुरा स्पष्ट हुन्छ । यस समाख्याताको

प्रयोगले प्रस्तुत कथा एकल तृतीय पुरुष पात्रको केन्द्रीयतामा कथा रचना गर्दा एकल पात्रको बृहत् चारित्रिक विकास र उससँग सम्बद्ध विस्तृत पक्षगत जानकारी हुने तथा पाठकलाई एकमात्र पात्रको केन्द्रीयतामा कथाको आस्वादन गर्ने मार्ग प्रशस्त गर्दछ। यस समाख्यातागत पद्धतिको प्रयोगले प्रस्तुत कथाको संरचनालाई लघु स्वरूप प्रदान गरेको निष्कर्ष पनि उपर्यक्त तथ्यबाट प्राप्त भएको छ।

## कथानकनिर्मितिमा एकल पात्रको केन्द्रीयता

गोविन्दबहादुर मल्लको 'भाँडो' कथाको कथानकनिर्मितिमा एकल पात्रको केन्द्रीयता कायम गर्ने दृष्टिविन्दुगत पद्धतिको अवलम्बन गरिएको छ। कथाको आद्यन्त भागमा घटित घटना र सम्पन्न कार्यव्यापारको समष्टि रूपलाई कथानक भनिन्छ (बरई, २०८०, पृ.४५)। क्रियाव्यापार र द्वन्द्व कथानकका निर्माणकारी तत्त्व मानिन्छन् (श्रेष्ठ, २०६६, पृ.२२) । पात्रहरूको भनाइ (संवाद), गराइ (काम) र सोचाइ (मानसिक प्रतिक्रिया) को परिणामबाट कथानकको निर्मिति हुन्छ (श्रेष्ठ, २०६६, पृ.२२)। कथानकमा तीव्रता दिनाका निम्ति स्मृतिको प्रयोग गरिन्छ (गुप्त, सन् २००६, पृ.३०४) । कथानकको आदिभागमा अभिमुखीकरण, प्रस्तावना, पात्रपरिचय र सङ्घर्षविकास, मध्यभागमा अन्य सङ्कटावस्था र चरमोत्कर्षता तथा अन्त्यभागमा सङ्घर्षह्रास, फलप्राप्ति, पुष्टीकरण र निष्कर्षण पर्दछन् (बरई, २०८०, पृ.४६-४७)। कथानकनिर्मितिमा एकल पात्रको केन्द्रीयता कायम गर्ने दृष्टिविन्दुगत पद्धतिप्रयुक्त कथाका उपर्युक्त पक्षहरूको निर्मितिमा एकमात्र तृतीय पुरुष पात्रलाई सर्वाधिक भूमिका प्रदान गरिन्छ।

गोविन्दबहादुर मल्लको 'भाँडो' कथाको कथानकको कार्यव्यापार र द्वन्द्वमा एकमात्र तृतीय पुरुष पात्र भीमबहादुरको केन्द्रीयता कायम गरिएको छ । यस कथामा भीमबहादुर नामक युवकको आर्थिक सङ्कटयुक्त जीवनपद्धति र कामवृत्तिप्रतिको बढ्दो चाहनालाई अभिव्यक्त गरिएको छ। आमालाई पहाडमा एक्लै छोडी जागिरका निम्ति काठमाडौँ आउनु, एउटा होटेलमा काम गर्नु, होटेल मालिकका परिवारका सदस्यहरूद्वारा न्यूनतम मानवीय व्यवहारबाट समेत वञ्चित हुनु, पटकपटक हेपिनु, धारानेर भाँडा माझिरहँदाको अवस्थामा होटेल मालिककी जेठी बुहारीले उसलाई मान्छे नै नठानी अर्धनग्न रूपमा नुहाइरहँदा उसमा सुषुप्त अवस्थामा रहेको कामवृतिप्रतिको चाहना जागृत हुनु, उसले बारम्बार मालिकको बुहारीका अङ्गलाई हेरिरहनु, आफ्नो गाउँतिरका केटीहरूलाई सम्झनु, उनीहरूका यौनजन्य आचरण र व्यवहारको स्मरण गर्दै उत्प्रेरित हुनु, जीवनसाथीको कल्पना गर्नुलगायतका भीमबहादुरको वैयक्तिक जीवनसँग सम्बद्ध तथ्य तथा कार्यव्यापारहरूको क्रमबद्ध र सुगठित व्यवस्थापनमा प्रस्तुत कथाको कथानकको निर्मिति गरिएको छ। यसैगरी यस कथाको बाह्य र आन्तरिक द्वन्द्वमा पनि भीमेकै केन्द्रीयता कायम गरिएको छ। मालिकको ठुलो छोरा जेठा काजी र भीमेका बिचमा बाह्य द्वन्द्वको सामान्य स्वरूपको प्रयोग गरिएको छ। धारामा बसी भाँडा माझिरहँदा र मनमा घर जानुपर्ने कुराको गन्थन गरिरहँदाका अवस्थामा माथिबाट ठुलो काजीले चुरोट किन्न बोलाउँदाका अवस्थामा ती दुई पात्रका बिचमा द्वन्द्व देखिएको छ, जसलाई तलको कथांशद्वारा थप प्रस्टयाइएको छ :

त्यसै बखत मालिकको ठूलो छोरो जेठा काजीले बोलायो, "भीमे, भीमे !"

भीमे एकचोटि त फर्क्यो, त्यसपछि बोल्यो, "हजुर !"

"चरोट किनेर ले, जा।"

भीमेले बिस्तारै नसुनिने गरी भन्यो, "चुरोट चुरोट। कहिले चुरोट ले, कहिले तमाबू भर.. अनि हो त...।"

"माथि आइज।"

"होइन हजुर, भाँडा माफिरहेको छु, हतारो छ। तपाईंलाई थाहा छैन ?"

कुन्नि कसरी उसको मुखबाट यस्तो कडा बोली चिप्लेर निस्क्यो, "तपाईंलाई थाहा छैन ?"

अनि माथिबाट हप्काएको आवाज आयो, "मूला, जवाफ दिन्छ बढेर । " त्यसपछि फेरि सुम्मसम् भयो । भीमे केही डराएर, केही सर्माएर मुख रातो पारिरह्यो । उसले सोच्यो, 'मुखबाट यस्तो कुरा निस्क्यो कसरी ।' (पृ. ९६)

उल्लिखित कथांशले ठुलो काजीले चुरोट किन्नाका निम्ति बोलाएको तर भीमेले आफू काममा व्यस्त रहेकाले जान नसक्ने जवाफ फर्काउँदा ती दुई पात्रका बिचमा सामान्य द्वन्द्व भएको कुरालाई छर्लङ्ग्याएको छ । त्यसैगरी यस कथामा आन्तरिक द्वन्द्वको केन्द्रविन्दु पनि भीमे नै रहेको छ। मूलतः उसको चेतन मन र अचेतन मनका बिचमा द्वन्द्व गराइएको छ । अर्धनग्न रूपमा धारामा नुहाइरहेकी मालिककी बुहारीको अङ्गप्रत्यङ्ग हेर्न नहुने कुरा मनमा खेलाए पनि तत्क्षणै बिर्सी बारम्बार हेरिरहने उसको मानसिक अवस्थाले उसको चेतन र अचेतन मनबिचको द्वन्द्वलाई द्योतन गरेको छ । यस कुरालाई प्रस्तुत कथाको निम्नलिखित कथांशद्वारा थप स्पस्ट्याइएको छ :

एकचोटि आफूलाई रोक्तारोक्तै पनि उसको आँखा मालिकनीको शरीरमा गएर पुग्यो । त्यसपछि बिजुलीको झोक्का लागे झैँ उसले तल हेऱ्यो । ...उसले फेरि एकचोटि फुर्तीसित हात चलायो र सोच्यो, 'हामीले यसरी मालिकनीको आडमा हेर्नँ हुँदैन !' भन्दाभन्दै उसले चोरेर एकचोटि हेरिहाल्यो" (पृ. ९८) ।

उल्लिखित कथांशले मालिकनीको अर्धनग्न शरीर हेर्न नहुने विचार मनमा ल्याए पनि त्यस विचारलाई बिर्सी बारम्बार मालिकनीका अङ्गहरूलाई हेरिरहने तथा यस अभिव्यक्तिका माध्यमबाट उसमा विपरीत लिङ्गीप्रतिको आकर्षण बढिई उसमा कामवासनाको चाहना तीव्र रूपमा बढेको कुरालाई समेत प्रस्ट्याएको छ । उपर्यक्त तथ्यहरूले प्रस्तुत कथाको कथानकको कार्यव्यापार र द्वन्द्वविधानमा एकमात्र तृतीय पुरुष पात्र भीमेको केन्द्रीयता रहेको कुरालाई प्रस्ट्याएका छन् ।

'भाँडो' कथाको कथानकको विकासमा भीमबहादुरको सर्वोपरिता कायम गरिएको छ । यस कथाको कथानकको आदिभागअन्तर्गतका अभिमुखीकरण, प्रस्तावना र सङ्घर्षविकास, मध्यभागअन्तर्गतका अन्य सङ्कटावस्था र चरमोत्कर्षता तथा अन्त्यभागअन्तर्गतका सङ्घर्षह्रास, फलप्राप्ति, पुष्टीकरण र निष्कर्षणको निर्मितिमा भीमबहादुरको केन्द्रीयता कायम गरिएको छ । प्रस्तुत कथाको "भीमबहादुर धारानेर बसेर भाँडो माझिरहेको थियो । .... घरछोरी भर्खरकी १४/१५ वर्षकी थिई होली । गोरो गाला ! अब त १६/१७ वर्षकी भई होली, रात त त्यहीँ बिताउनुपर्ला" (पृ.७१-७२) भन्ने कथांशले एकातिर यस कथाप्रति पाठकको ध्यान आकृष्ट गर्ने पृष्ठभूमिको निर्माणमार्फत उक्त कथाको अभिमुखीकरणको सिर्जना गरेको छ भने अर्कातिर होटेलमा निम्नस्तरको काम गरी जीवनयापन गर्ने सीमान्त समुदायको किनाराकृत जीवनपद्धति तथा उमेरको वृद्धिसँगै देखिने युवाहरूको विपरीत लिङ्गीप्रतिको आकर्षण र यौनेच्छालाई प्रस्तुत कथामा मुख्य विषयवस्तु बनाइएको कुरालाई प्रस्तावनाका रूपमा प्रयोग गरिएको कुरालाई प्रस्ट्याएको छ । यसैगरी भीमबहादुर धारानेर एक्लै बसी भाँडा माझिरहँदा होटेल व्यवसायीकी रूपवती बुहारी र ठुलो काजीकी स्वास्नीको आगमन हुने कार्यले यस कथाको कथानकको सङ्घर्षविकासको सिर्जना गरेको छ । यस कार्यव्यापारले भीमबहादुरभित्रको कामवासनात्मक वृत्तिको विकासमा अहम् भूमिका वरण गर्दछ । यसै कार्यव्यापारको परिणामस्वरूप यस कथाको कथानकको तीव्र विकास हुन्छ । त्यसैगरी अर्धनग्न भई ठुलो काजीकी स्वास्नीको नुहाउने, पानीले पातला कपडा शरीरमा टासिएर उसको गुप्ताङ्ग देखिने, लुगा माथिसम्म सारेर धुने, भीमबहादुरले उक्त दृश्यलाई बारम्बार गोप्य किसिमले हेरिरहनेजस्ता कार्यव्यापारले प्रस्तुत कथाको अन्य सङ्कटावस्थाको विकास गरेका छन् भने उक्त कथाको प्रमुख पात्र भीमबहादुरको मनमा उद्वेलित "कहिले यताउति पुग्ने इच्छा भयो । आफ्नो बदनमा मुक्की हिर्काएर कसरत गर्ने मन भयो-

स्याँस्याँ, फुँफुँ गरेर उकालो चढ्न मन लाग्यो" (पृ.७४) भन्ने कथांशले भीमबहादुरको कामवृत्तिगत आकर्षणको चरम रूपको उद्घोष गरी यस कथाको कथानकको चरमोत्कर्षताको विकास गरेको छ। यसरी नै प्रस्तुत कथाको भीमबहादुरको उपस्थितिलाई बेवास्ता गरेकी ठुलो काजीकी स्वास्नी देवरको आगमन हुँदा लज्जित भई किलामा झुन्ड्याइएको लुगा ओढ्ने तथा उसको बहिर्गमनसँगै पुनः भीमे पूर्ववत् भाँडा धुने कार्यमा संलग्न हुने कार्यव्यापारले यस कथाको कथानकको सङ्घर्षह्रासको विकासमा सघाएको छ। त्यसरी नै भाँडा माझ्रेर धुने पर्खाइमा भीमबहादुर बस्ने, ठुलो काजीकी स्वास्नी नुहाइरहने तथा भीमबहादुर भाँडाका बिचमा भाँडासमान देखिनेजस्ता कार्यव्यापारले प्रस्तुत कथाको कथानकको फलप्राप्ति, पुष्टीकरण र निष्कर्षणको विकासमा सघाएका छन्। प्रभुत्वशाली वर्गले सीमान्त समुदायसित न्यूनतम मानवीय व्यवहारसमेत नगर्ने तथा सीमान्त समुदायको अपहेलित जीवनपद्धतिको उद्घोष गर्नलाई यस कथाको निष्कर्षणका रूपमा प्रस्तुत गरिएको छ। उपर्यक्त तथ्यहरूलाई अवलम्बन गर्दा प्रस्तुत कथाको कथानकका प्रत्येक घटनावली र कार्यव्यापारको केन्द्रमा भीमबहादुर रहेको तथा उसकै सेरोफेरोमा यस कथाको कथानकको विकास गरिएको निष्कर्ष प्राप्त हुन्छ।

**पात्रविधानमा एकल पात्रको सर्वोपरिता**

गोविन्दबहादुर मल्लको 'भाँडो' कथाको पात्रविधानमा एकमात्र तृतीय पुरुष पात्र भीमबहादुरको सर्वोपरिता कायम गरिएको छ। कथामा संलग्न मानवीय र मानवेतर प्राणी नै पात्र हो। कथाका पात्रलाई लिङ्गका आधारमा पुरुष र महिला, भूमिकाका आधारमा प्रमुख, सहायक र गौण, प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल, स्वभावका दृष्टिले स्थिर र गतिशील, आसन्नताका कोणले मञ्चीय र नेपथ्यीय, आबद्धताका दृष्टिले बद्ध र मुक्तजस्ता प्रकारमा विभाजन गरिएको पाइन्छ (शर्मा, २०७८, पृ.२७७)। कथासंरचनागत उपस्थिति, कथाको चरमोत्कर्षताको वास्तविक भोक्ता र भूमिकागत केन्द्रीयतालाई आधार बनाउँदा प्रस्तुत कथाका उपर्युक्त पक्षहरूमा एकमात्र पात्र भीमबहादुरलाई संलग्न गराइएको छ। प्रस्तुत कथाको "भीमबहादुर धारानिर बसेर भाँडो माझिरहेको थियो" (पृ.७१) बाट थालिई "यो पनि देखियो- भाँडाहरूका बिचमा भाँडाजत्तिकै मैलोथैलो भीमे भाँडै हो कि जस्तो गरेर भाँडाहरूसित मिसिइरहेको थियो" (पृ.७४) मा समापन भएको यस कथाको आद्यन्त भागमा एकमात्र पात्र भीमबहादुरको पूर्ण उपस्थिति कायम गरिएको छ। यस कथाका अन्य पात्रहरू ठुलो मालिक, आमा, जेठाकाजी, घरछोरी, पुन्टु, ठुली, ठुलो काजीकी स्वास्नी, सानो काजीजस्ता पात्रहरूको संलग्नता प्रस्तुत कथाका केही सीमित घटना र कार्यकलापमा मात्र भई उनीहरूको आंशिक उपस्थिति मात्र रहेको छ। यसैगरी गुप्ताङ्ग देखिने गरी नुहाइरहेकी ठुलो काजीकी स्वास्नीलाई देखेर कामवृत्तिको शमनतर्फको सोचाइमा केन्द्रित भएको भीमबहादुरको मानसिक अवस्थाले यस कथाको चरमोत्कर्षताको विकास गरेको छ। यस अवस्थाको विकासको उत्प्रेरकका रूपमा ठूलो काजीकी स्वास्नीको स्नानगत व्यवहार रहेको छ। ऊ निर्जन ठाउँमा नुहाएझैँ नुहाएकी छ। भीमेको उपस्थितिले उसलाई कुनै प्रभाव पारेको हुँदैन र ऊ सामान्य अवस्थामा नै नुहाइरहेकी हुन्छे, तर भीमबहादुर त्यसको स्नानगत प्रक्रियाबाट प्रभावित हुन्छ र उसमा कामवृत्तिप्रतिको चाहनाको चरम विकास हुन्छ। ऊ कामवृत्तिगत सोचाइमा लीन हुन्छ; तत्काल त्यस वृत्तिको पूर्ति गर्नेतर्फ पनि उसको मनोविज्ञान केन्द्रित हुन्छ तर उसको त्यस इच्छाको पूर्तिको कुनै आधार देखिँदैन। यस अवस्थाले केवल उसलाई कामवासनाको पूर्तितर्फ केन्द्रित गर्नुका साथै मानसिक कुतकुती, यौनजन्य जिज्ञासा र पीडामात्र दिन्छ। उपर्यक्त तथ्यहरूलाई दृष्टिगत गर्दा प्रस्तुत कथाको कथानकको चरमोत्कर्षताको वास्तविक भोक्ताको भूमिकामा भीमबहादुरमात्र आबद्ध रहेको निष्कर्ष प्राप्त हुन्छ। प्रस्तुत कथामा उसलाई लिङ्गका आधारमा पुरुष, भूमिकाका आधारमा प्रमुख, प्रवृत्तिका आधारमा अनुकूल, स्वभावका दृष्टिले स्थिर,

आसन्नताका कोणले मञ्चीय तथा आबद्धताका दृष्टिले बद्ध पात्रको भूमिकामा आबद्ध गरिएको छ । अतः प्रस्तुत कथाको पात्रविधानमा भीमबहादुरको सर्वोपरिता रहेको कुरा स्पष्ट हुन्छ ।

'भाँडो' कथाका अन्य पात्रहरूको भूमिका भीमबहादुरको केन्द्रीयतामा निर्धारण गरिएको छ । यस कथाका पात्ररू ठुलो मालिक, आमा, जेठाकाजी, घरछोरी, पुन्टु, ठुली, जेठा काजीकी स्वास्नीजस्ता पात्रहरूको भूमिका भीमबहादुरकै बृहत् चारित्रिक विकास गर्नाका निम्ति उसकै केन्द्रीयतामा निर्धारण गरिएको छ । ठुलो मालिकलाई कामविशेषले बिहानै बाहिर जानुपर्ने भएकाले हिजो बेलुकीका जुठा भाँडाहरू यथाशीघ्र सफा गर्नुपर्ने कार्यका निम्ति भीमेलाई अह्राउने र त्यसै कार्यका निम्ति भीमबहादुर एकाबिहानै खटेको कार्यव्यापारमा ठुलो काजीको भूमिका सीमित तुल्याइएको छ भने गाउँमै बसी ज्यालामजदुरी गरी आमासँगै बस्ने र सहरमा काम गर्न नजाने सल्लाह दिने आमालाई सम्झाईबुझाई सहरमा काम गर्ने सहमति आमाबाट पाएको कार्यव्यापारमा आमाको भूमिका निर्क्योल गरिएको छ । यसैगरी उसको पहाड गाउँ र काठमाडौँको बाटोमा पर्ने एक होटेल व्यवसायीकी छोरी रूपवती भएकाले गाउँ फर्कँदा राति उसकै घरमा बस्ने कार्यव्यापारमा घरछोरी, बालसखाकी रूपमा रहेकी पुन्टुसँगको बाल्यकालीन समयका व्यवहारहरूको स्मृति तथा उसलाई प्रेम गर्ने कार्यव्यापारमा पुन्टु तथा गाउँमा छँदा भीमबहादुरकी आमासित उसको बिहेका विषयमा जिज्ञासा राख्ने र उसलाई कामवासनात्मक दृष्टिले उत्प्रेरित गर्ने प्रसङ्गमा ठुलीको भूमिका निर्धारण गरिएको छ । त्यसैगरी भीमबहादुरलाई गाली गरी होच्याउने कार्यव्यापारमा जेठाकाजी तथा अर्धनग्न रूपमा गुप्ताङ्ग देखिने गरी भीमबहादुरका सामुन्ने नुहाई उसलाई कामवृत्तिप्रति उत्प्रेरित हुने कार्यमा सघाउने, उसभित्रको कामवृत्तिलाई जागृत गराउने एवम् उसलाई मान्छेका साटो निर्जीव वस्तु ठानी लज्जाहीन आचरण र व्यवहार गर्ने कार्यव्यापारमा ठुलो काजीकी स्वास्नीको भूमिका निर्धारण गरिएको छ । उपर्यक्त तथ्यहरूलाई वरण गर्दा प्रस्तुत कथाका अन्य पात्रहरूको भूमिका भीमबहादुरको केन्द्रीयतामा उसकै बृहत् चारित्रिक विकासका निम्ति निर्धारण गरिएको तथा उसकै केन्द्रीयतामा प्रस्तुत कथाको पात्रविधानलाई परिपाकमा पुऱ्याइएको निष्कर्ष प्राप्त हुन्छ ।

## सारवस्तुको प्रस्तुतीकरण र बोधको माध्यममा एकल पात्रको केन्द्रीयता

कृतिका माध्यमबाट अभिव्यक्त जीवनदर्शन नै सारवस्तु हो । मोहनराज शर्मा (२०६३) ले आनन्दप्राप्ति, नीतिसापेक्ष र लोकमङ्गललाई प्रमुख सारवस्तु मान्दै समसामयिक युगको कृतिलेखनको प्रमुख उद्देश्य समसामयिक यथार्थको अङ्कनलाई मानेका छन् (पृ.४०८) । यस्तो सारवस्तुको प्रस्तुतिमा दृष्टिविन्दुपात्रको अहम् भूमिका रहेको हुन्छ । कथाकारको विचार पाठकसमक्ष पुऱ्याउने तथा कथाकार र पाठकका बिचमा सम्बन्ध कायम गर्ने पात्र नै दृष्टिविन्दुपात्र हो । कथाकारले यसै पात्रलाई आफ्नो विचार र दर्शन प्रस्तुतीकरणको आधार बनाउँछ (Kress, 2013, p.170) भने कृतिका हरेक कुरा दृष्टिविन्दुपात्रकै आँखाबाट पाठकले जस्ताको तस्तै रूपमा बोध गर्न सक्दछ (Kress, 2013, P.196) । दृष्टिविन्दुपात्रको अभावमा कथा मूल्यहीन बन्दछ (श्रेष्ठ, २०७९, पृ.६५) । बाह्य सीमित दृष्टिविन्दुले एकमात्र तृतीय पुरुष पात्रलाई दृष्टिविन्दुपात्र बनाउनुपर्ने मान्यता प्रस्तुत गर्दछ । यस दृष्टिविन्दुले एकातिर त्यसै दृष्टिविन्दुपात्रका माध्यमबाट कथाकारलाई आफ्नो दृष्टिकोण, अवधारणा र दर्शन पाठकसमक्ष पुऱ्याउनुपर्ने अभिमत राख्दछ भने अर्कातिर पाठकले पनि सोही पात्रको केन्द्रीयतामा कथाको सारवस्तु बोध गर्न सहज हुने अवधारणा पनि प्रस्तुत गर्दछ । यसै पात्रका माध्यमबाट अन्य पात्रहरूको आचरण र व्यवहारको समेत पर्यवलोकन गराइन्छ । अतः सारवस्तुको प्रस्तुतीकरण र बोधको माध्यमका रूपमा दृष्टिविन्दुपात्रको आबद्धता रहेको तथा बाह्य सीमित दृष्टिविन्दुमा एकमात्र तृतीय पुरुष पात्रलाई दृष्टिविन्दुपात्रको भूमिकामा आबद्ध गरिने सार प्राप्त हुन्छ ।

गोविन्दबहादुर मल्लको 'भाँडो' कथाको सारवस्तुको प्रस्तुतीकरण र बोधको माध्यम पात्रको भूमिकामा एकल पात्रीय पद्धतिको केन्द्रीयता कायम गरिएको छ। प्रस्तुत कथाको दृष्टिविन्दुपात्रको भूमिकामा भीमबहादुरलाई आबद्ध गरी उसकै माध्यमबाट सीमान्त समुदायको अभावग्रस्त, अवहेलनायुक्त र किनाराकृत जीवनपद्धति तथा युवाहरूको कामवृत्तिप्रतिको आकर्षणगत स्वभाव र व्यवहारलाई पाठकसमक्ष पुऱ्याइएको छ । आर्थिक अवस्था कमजोर भएका युवाहरूले आफ्ना बृद्ध अभिभावकलाई घरमा एक्लै छोडी सहरमा गई होटेल व्यवसायीको घरमा न्यूनतम पारिश्रमिकमा काम गर्ने, मालिकले दिने पुराना, थोत्रा र अमिल्दा कपडा लगाउन विवश हुने, बचेकै खाद्यवस्तु खाने, व्यवसायी र उसका घरका सदस्यहरूद्वारा बारम्बार हेपिने तथा न्यूनतम मानवीय व्यवहारबाट समेत वञ्चित हुने सीमान्त युवाहरूको किनाराकृत जीवनपद्धतिको उद्घोष उसकै चरित्राङ्कनका माध्यमबाट गरिएको छ । यसैगरी उमेरको वृद्धिसँगै युवाहरूमा बढ्ने विपरीत लिङ्गीप्रतिको आकर्षण, कामवृत्तिप्रतिको उत्सुकता र चाहना, जीवनसाथी खोज्ने मनोभावना आदि सम्बन्धी विषयवस्तुलाई पनि उसकै चरित्राङ्कनकै माध्यमबाट पाठकसमक्ष पुऱ्याइएको छ। त्यसैगरी सीमान्त समुदायका निम्ति उपयुक्त प्रकारको रोजगारीको व्यवस्था हुनुपर्ने, श्रमिक वर्गले उचित पारिश्रमिक प्राप्त गर्ने परिवेशको सिर्जना हुनुपर्ने, श्रमशोषण बन्द गर्नुपर्ने, रोजगारदाताले कामदारहरूसित न्यूनतम मानवीय व्यवहार गर्नुपर्ने, रोजगारदाताहरूले सीमान्तविरोधी आचरण र व्यवहार सुधारी सामाजिक लोकाचार र मानवतामा आधारित आचरण र व्यवहार वरण गर्नुपर्ने, सीमान्त वर्गलाई पनि मान्छेकै रूपमा लिनुपर्ने, समतामूलक समाजको स्थापना गर्नुपर्नेलगायतका विमर्शको प्रस्तुतीकरण उसकै चरित्रचित्रणका माध्यमबाट यस कथामा गरिएको छ। उपर्युक्त तथ्यहरूलाई अवलम्बन गर्दा प्रस्तुत कथाको सारवस्तुलाई भीमबहादुरकै केन्द्रीयतामा पाठकसमक्ष पुऱ्याइएको सार प्राप्त हुन्छ ।

'भाँडो' कथाका ठुलो मालिक, जेठा काजी, घरछोरी, पुन्टु, ठुली, ठुलो काजीकी स्वास्नी, आमाजस्ता पात्रहरूको आचरण र व्यवहारको पर्यवलोकन पनि भीमबहादुरकै केन्द्रीयतामा गराउन खोजिएको छ । होटेल व्यवसायी ठुलो मालिक र उसका परिवारका सदस्यहरू जेठा काजी र ठुलो काजीकी स्वास्नीको सीमान्त समुदाय (कामदार) प्रतिको हेपाहा प्रवृत्ति र सीमान्त समुदायलाई न्यूनतम मानवीय व्यवहारबाट समेत वञ्चित गर्ने आचरण र व्यवहारको पर्यवलोकन भीमबहादुरकै चरित्राङ्कनका माध्यमबाट गराउन खोजिएको छ । यसैगरी घरछोरी, पुन्टु र ठुलीको कामवासनागत आकर्षणजन्य आचरण र व्यवहारलाई पनि उसकै माध्यमबाट पाठकसमक्ष सम्प्रेषण गरिएको छ । त्यसैगरी आमाको सन्तानप्रतिको हार्दिक प्रेम र मायायुक्त आचरण र व्यवहारको द्योतन पनि भीमबहादुरकै दृष्टिले गराइएको छ । उपर्यक्त विमर्श तथा विभिन्न पात्रहरूका आचरण र व्यवहारलाई सहजतासाथ बोध गर्नाका निम्ति पाठकले प्रस्तुत कथाको प्रमुख पात्र भीमबहादुरकै केन्द्रीयतामा कथा पढ्नुपर्ने पद्धतिको अवलम्बन गरिएको छ । उसकै सेरोफेरोमा कथाको पठन गर्दा पाठकलाई यस कथाको संरचना र सारवस्तुगत पक्षको बुझाइमा सहजता हुन्छ । उपर्युक्त तथ्यहरूलाई आत्मसात् गर्दा प्रस्तुत कथाको सारवस्तुलाई एकल पात्रको केन्द्रीयतामा परिपाकमा पुऱ्याइएको निष्कर्ष प्राप्त हुन्छ ।

## एकल पात्रको मनोविश्लेषण

गोविन्दबहादुर मल्लको 'भाँडो' कथामा एकल पात्रको मनोविश्लेषण गर्ने दृष्टिविन्दुगत पद्धतिको प्रयोग गरिएको छ । उक्त कथाको केन्द्रीय भूमिकामा आबद्ध भीमबहादुरको जीवनमूलप्रवृत्ति, मृत्युमूलप्रवृत्ति, चेतन मन, अचेतन मन, हीनताग्रन्थि, कामवृत्तिजस्ता मनोवैज्ञानिक युक्तिहरूको प्रयोगका माध्यमबाट मनोविश्लेषण गरिएको छ। जीवनप्रति आशावादी हुने मानवीय मनोवृत्ति नै जीवनमूलप्रवृत्ति हो । यस प्रवृत्तिबाट प्रभावित व्यक्ति आफ्नो वा

अरूका निम्ति रचनात्मक कार्य गर्दछ (सुलेमान र तैवाब, सन् २००४, पृ.८०) । यस मनोवृत्तिको प्रयोग प्रस्तुत कथाको भीमे भन्ने पात्रको चरित्रमा आरोपित छ । मालिकसित बिदा लिएरै घर जाने, नयाँ कपडा सिलाई त्यही कपडा लगाई गाउँमा गई आफ्नो प्रभाव कायम गर्ने मनस्थिति बनाउने, आमालाई यथाशीघ्र भेट्ने मनस्थितिमा हुने, आमाले उसको बिहाका निम्ति योग्य युवती खोजिसकेको सम्भाव्यता देख्ने, कामवासना र यौनजन्य क्रियाकलापप्रति जिज्ञासु र आकर्षित हुने, जीवनसाथी यथाशीघ्र प्राप्त गरी उसलाई पनि साथमै सहर ल्याई दाम्पत्यजीवन बिताउने मनस्थितिमा पुग्नेजस्ता भीमबहादुरका आचरण र व्यवहारले ऊ जीवनमूलप्रवृत्तिद्वारा प्रवाहित रहेको कुरालाई प्रस्ट्याएका छन् । यस कुरालाई तलको कथांशद्वारा थप प्रस्ट्याइएको छ :

> एक दिन ठूली पुष्ट गालामा खाल्टो पर्ने गरी हाँसेर नजिक आई र उसको गालामा निकै सारैसित चड्काएर भनी, “अँ, नानीको बिहे गर्ने कहिले ?” अनि के के । ऊ एकछिन त जिल्ल परेथ्यो, अनि लाजले भुतक्क भएथ्यो ।
>
> उसले फोर सोच्यो, “आमाले पक्का पनि एउटी राम्री केटी खोजिराखेकी होलिन् । बिहे गरेर यहाँ फर्कूँ कसरी ? स्वास्नी लिएर यहाँ बस्न त अलि...। त्यहीं फ्याँकेर आउने ? छिःछिः । फेरि गाउँमा, त्यस्तो पहाडमा कसरी कुहिने त ? (पृ. ९७)

उल्लिखित कथांशले रोजगारको अवसरको अभाव रहेको पहाडी गाउँमा बस्दा जीवन अभावग्रस्त हुन सक्ने, पत्नीलाई गाउँमा छोड्न नहुने, पत्नीसँगै बस्नुपर्ने, होटेल मालिकको घरमा बस्दा उचित सम्मान प्राप्त हुन नसक्नेलगायतका दाम्पत्य जीवनसँग सम्बद्ध पक्षको सोचाइका माध्यमबाट भीमे सुखद र समुन्नत दाम्पत्य जीवनप्रति चिन्ताशील रहेको तथा उसले सुखद दाम्पत्य जीवन बिताउन खोजेको कुरालाई प्रस्ट्याएको छ । यसैगरी भीमबादुरका आचरण र व्यवहारमा मृत्युमूलप्रवृत्तिको प्रयोग गरिएको छ । जीवनप्रति निराश वा निरुत्साहित हुनु नै मृत्युमूलप्रवृत्ति हो (बरई, २०८०, पृ.१२०) । मालिकले दिएका पुराना र च्यातिएका ठुला आयामका जड़ावरी कपडा प्रयोग गर्दा हतोत्साहित हुने, आमालाई गाउँमा एक्लै छोडी सहर आएकामा निराश हुनेलगायतका उसका आचरण र व्यवहारले ऊ मृत्युमूलप्रवृत्तिद्वारा समेत प्रवाहित रहेको कुरालाई स्पस्ट्याएका छन् । त्यसैगरी उसका आचरण र व्यवहारमा चेतन मनको प्रबलता कायम गरिएको छ । सचेत अवस्थामा रहेको मानसिक अवस्था है चेतन मन हो । चेतन मनलाई समय र स्थान तथा वातावरणको पूर्ण ज्ञान रहन्छ (श्रेष्ठ, २०६६, पृ.११९) । अर्धनग्न रूपमा गुप्ताङ्ग देखिने गरी नुहाइरहेकी ठुलो काजीकी स्वास्नीलाई हेर्न नहुने, हेर्दा पाप लाग्नेजस्ता कुराहरूको बारम्बार स्मरण गर्ने, आमालाई घरमा एक्लै छोडेकामा चिन्तित हुनेजस्ता उसको मानसिक अवस्थाले ऊ चेतन मनद्वारा सञ्चालित रहेको कुरालाई छर्लङ्ग्याएका छन् । प्रस्तुत कथाको “उसले फेरि एक चोटि फुर्तिसित हात चलायो र सोच्यो- हामीले यसरी मालिक्नीको आङमा हेर्नं हुँदैन” (पृ.७३) भन्ने कथांशमा अङ्कित भीमबहादुरको मानसिक अवस्थाले ऊ चेतन मनद्वारा प्रवाहित रहेको कुरालाई प्रस्ट्याएको छ ।

गोविन्दबहादुर मल्लको ‘भाँडो’ कथाको केन्द्रीय पात्र भीमबहादुरको अचेतन मन, हीनताग्रन्थि र कामवृत्ति गरी थप तीनओटा मनोवैज्ञानिक युक्तिहरूको प्रयोगका माध्यमबाट मनोविश्लेषण गरिएको छ । सचेत अवस्थामा नरहेको मानसिक अवस्था है अचेतन मन हो । यस मनोवृत्तिबाट प्रेरित पात्रलाई समय र स्थानको ज्ञान हुँदैन । यस्तो पात्रले सामाजिक लोकाचार र बन्धनलाई बेवास्ता गर्दछ । मालिक्नीको शरीर हेर्नं हुँदैन भन्ने कुराको ज्ञात हुँदाहुँदै पनि गोप्य तरिकाले मालिक्नीको अर्धनग्न शरीर बारम्बार हेरिरहने, उसको अर्धनग्न शरीर हेरी कामवृत्तिगत जिज्ञासा र चाहनासम्बन्धी कुरामा सोचमग्न हुनेजस्ता भीमबहादुरका आचरण र व्यवहारले उसभित्रको अचेतन मनको द्योतन गर्दछन् । यसैगरी ऊ हीनताग्रन्थिद्वारा समेत प्रवाहित देखिन्छ । लघुताको आभास गराउने मानवीय

मनोवृत्ति नै हीनताग्रन्थि हो । यस प्रवृत्तिबाट प्रेरित पात्र आफूलाई कमजोर ठान्छ । एक होटेल व्यवसायीको होटेलमा नोकरको काम गर्नु, निम्न वर्गीय पात्र हुनु, होटेल व्यवसायीका विभिन्न सदस्यहद्वारा बारम्बार हप्कीदप्की खाइरहनु, जीर्ण लुगा लगाउन बाध्य हुनुलगायतका विषयवस्तुले उसको हीनताग्रन्थिको विकासमा उत्प्रेरकको काम गरेका छन् । त्यसैगरी ऊ कामवृत्तिद्वारा समेत प्रवाहित देखिन्छ । यौनेच्छाको शमन खोज्ने, यौनजन्य क्रियाकलापप्रति जिज्ञासु बन्ने तथा यौजन्य आचरण र व्यवहार अवलम्बन गर्न उत्प्रेरित गर्ने मनोवृत्ति नै कामवृत्ति हो । सिग्मन्ड फ्रायडको 'प्रत्येक मान्छे कामवासनाद्धारा सञ्चालित हुन्छ' भन्ने अवधारणाबाट प्रस्तुत वृत्तिगत मान्यताको विकास भएको हो । ठुलो काजीकी स्वास्नी अर्धनग्न रूपमा नुहाइरहेको दृश्य हेरी कामवृत्तिप्रति जिज्ञासु बन्ने, एक होटेल व्यवसायीकी रूपवती छोरीप्रति आकर्षित भएको र घर फर्कँदा एक रात उसकै घरमा वास बस्ने मनस्थिति बनाउने, बाल्यकालकी साथी पुन्टुको बाल्यकालीन प्रेमसम्बन्ध सम्झने, ठुली भन्ने युवतीको छाडा यौनजन्य व्यवहार सम्झी उत्प्रेरित हुने, जीवनसाथीको यथाशीघ्र खोजी गर्ने मनस्थितिमा पुग्नेजस्ता भीमबहादुरसँग सम्बद्ध तथ्यले ऊ कामवृत्तिद्वारा सञ्चालित रहेको कुरालाई प्रस्ट्याएका छन् । प्रस्तुत कथामा यस पात्रबाहेक अन्य कुनै पनि पात्रको मनोविश्लेषण गरिएको छैन । अतः प्रस्तुत कथामा एकमात्र पात्रको मनोविश्लेषण गरी एकमात्र पात्रको बृहत् चारित्रिक विकास गर्ने दृष्टिविन्दुगत पद्धतिको प्रयोग गरिएको कुरा स्पष्ट हुन्छ ।

## निष्कर्ष

गोविन्दबहादुर मल्लको 'भाँडो' कथामा प्रयुक्त बाह्य सीमित दृष्टिविन्दुगत पद्धतिसम्बन्धी तथ्यहरूलाई दृष्टिगत गर्दा एकमात्र तृतीय पुरुष पात्रको केन्द्रीयतामा उक्त कथाको संरचनालाई परिपाकमा पुऱ्याइएको निष्कर्ष प्राप्त हुन्छ । सीमितदर्शी असंलग्न समाख्याताको आबद्धताले एकमात्र तृतीय पुरुष पात्रको वैयक्तिक जीवनको केन्द्रीयतामा एकमात्र पात्रको विचार, भावना, अनुभूति र मनोविज्ञानलाई बृहत् ढङ्गले प्रस्तुत गर्ने पद्धतिको प्रयोग उक्त कथामा गरिएको छ । यस पद्धतिको प्रयोगले प्रस्तुत कथा एकमात्र तृतीय पुरुषपात्रको केन्द्रीयतामा संरचनात्मक पूर्णता प्राप्त गर्ने कार्यमा सघाएको छ । यसैगरी एकमात्र पात्रको वैयक्तिक जीवनको युवाअवस्थाका तथ्यहरूको केन्द्रीयतामा यस कथानकको अभिमुखीकरण, प्रस्तावना, सङ्घर्षविकास, अन्य सङ्कटावस्था, चरमोत्कर्षता, सङ्घर्षह्रास, फलप्राप्ति, पुष्टीकरण र निष्कर्षणको निर्मिति गरिएकाले प्रस्तुत कथाको कथानक एकान्वितिपूर्ण, कलात्मक र सुगठित बनेको छ । त्यसैगरी कथाको आद्यन्त भागमा एकमात्र तृतीय पुरुष पात्रको संलग्नता, कथानकको चर्मोत्कर्षताको वास्तविक भोक्ताको भूमिकामा त्यसै तृतीय पुरुष प्रमुख पात्रको आबद्धता तथा सोही पात्रको केन्द्रीयतामा अन्य पात्रहरूको भूमिकाको निर्धारणमा निर्मित प्रस्तुत कथाको पात्रविधान सशक्त बन्नुका साथै एकमात्र पात्रको बृहत् चारित्रिक विकास गर्ने पद्धतिको अनुसरणमा परिपाकमा पुगेको छ। यसरी नै एकमात्र पात्रलाई दृष्टिविन्दुपात्रको भूमिकामा आबद्ध गरी सोही पात्रको केन्द्रीयतामा सीमान्त समुदायको पीडादायी र किनाराकृत जीवनपद्धति एवम् युवा यौनमनोविज्ञानलाई पाठकसमक्ष पुऱ्याइएको तथा उक्त पात्रकै केन्द्रीयतामा पाठकले कथाको संरचनात्मक र सारवस्तुगत पक्षको सहजतासाथ आस्वादन गर्न सक्ने दृष्टिविन्दुगत पद्धतिको अवलम्बनले प्रस्तुत कथाको संरचनात्मक र सारवस्तुगत पक्ष सहज, सुगठित र बोधगम्य बनेको सार प्राप्त हुन्छ। यस पद्धतिको प्रयोगले कथाकार मल्ललाई आफ्ना विचार र दृष्टिकोणलाई पाठकसमक्ष पुऱ्याउन तथा पाठकलाई कथाको यावत् पक्षको आस्वादनमा सघाएको छ। त्यसरी नै एकमात्र पात्रको मनोविश्लेषण गर्ने पद्धतिको प्रयोगले प्रस्तुत कथामा एकमात्र पात्रको बृहत् चारित्रिक विकास परिपाकमा पुगेको छ।

बाह्य सीमित दृष्टिविन्दुका सीमितदर्शी असंलग्न समाख्याताको आबद्धता, कथानकनिर्मितिमा एकल पात्रको

केन्द्रीयता, पात्रविधानमा एकल पात्रको सर्वोपरिता, सारवस्तुको प्रस्तुतीकरण र बोधको माध्यममा एकल पात्रको केन्द्रीयता तथा एकल पात्रको मनोविश्लेषणको प्रयोगका माध्यमबाट एकमात्र पात्रको केन्द्रीयतामा निर्मित 'भाँडो' कथा आयामगत दृष्टिले लघु, गठनका दृष्टिले सुगठित र पूर्ण, पाठकीय प्रभावका कोणले प्रभावान्वितिपूर्ण तथा सौन्दर्यका दृष्टिले कलात्मक बनेको छ । एकमात्र पात्रको भाँडा सफा गर्दाको केही मिनेटगत समयको मानसिक प्रतिक्रिया र कार्यकलापमा आधारित भएकाले प्रस्तुत कथा आयामगत दृष्टिले लघु बनेको छ । यसैगरी सोही पात्रको अनुभव, अनुभूति, जीवनभोगाइ र तात्कालिक गतिविधिलाई कथानक, पात्रविधान, सारवस्तु र दृष्टिविन्दुको सिद्धान्तअनुसार व्यवस्थापन गरिएकाले गठनका दृष्टिले उक्त कथा सुगठित तथा पाठकीय प्रभावका कोणले प्रभावान्वितिपूर्ण बनेको छ । उपयर्युक्त पक्षहरूको कुशल व्यस्थापनका माध्यमबाट कथाको संरचनालाई तयार पारी लोकजीवनको यथार्थतालाई पाठकसमक्ष पुऱ्याउँदै सीमान्त समुदाय सम्मानसाथ जीवनयापन गर्ने परिवेशको निर्मिति नेपाली समाजमा हुनुपर्ने लोककल्याणकारी विमर्शलाई पाठकसमक्ष पुऱ्याउन खोजिएकाले प्रस्तुत कथा सौन्दर्यका दृष्टिले कलात्मक बनेको छ । अतः एकमात्र तृतीय पुरुष पात्रको केन्द्रीयतामा कथाका समाख्याता, कथानक, पात्र, सारवस्तु, मनोविश्लेषणजस्ता पक्षहरूको विधान गर्ने पद्धतिको अनुसरणमा निर्मित प्रस्तुत कथा लघु, सुगठित र प्रभावान्वितिपूर्ण बनेको एवम् यस्तो बाह्य सीमित दृष्टिविन्दुगत पद्धतिको प्रयोग गर्ने विशिष्ट सामर्थ्य कथाकार गोविन्दबहादुर मल्लमा रहेको तथा यस अध्ययनले स्रष्टालाई एकमात्र तृतीय पुरुष पात्रको केन्द्रीयतामा आख्यानात्मक कृति रचना गर्ने, समालोचक र अध्ययनकर्तालाई आख्यानात्मक कृतिको मूल्य पहिल्याउने तथा पाठकलाई कृतिको संरचनात्मक र सारवस्तुगत पक्षको आस्वादन गर्ने कार्यमा सघाउने सार प्राप्त हुनु नै यस लेखको निष्कर्षात्मक प्राप्ति हो ।

## सन्दर्भ सामग्रीसूची


गुप्त, शान्तिस्वरूप (सन् २००६), पाश्चात्य काव्यशास्त्र के सिद्धान्त (नवीन संस्क.), दिल्ली : अशोक प्रकाशन ।

गौतम, देवीप्रसाद (२०७१), 'आख्यानमा समाख्याता', वाङ्मय, पूर्णाङ्क १५, पृ.१- १७ ।

बरई, त्रिभुवन (२०८०), 'आख्यानात्मक संरचना : सिद्धान्त र प्रयोग', बर्दघाट प्रज्ञा दर्पण, १(१), पृ.८०-९९ ।

बरई, त्रिभुवन (२०८०), भवानी भिक्षुका कथामा दृष्टिविन्दु, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत विद्यावारिधि उपाधिका निमित्त प्रस्तुत गरिएको अप्रकाशित शोधप्रबन्ध ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०६६), उपन्यास सिद्धान्त र नेपाली उपन्यास (तेस्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि (२०६९), कथासिद्धान्त, काठमाडौँ : एकता बुक्स डिस्ट्रिब्युटर्स ।

मल्ल, गोविन्दबहादुर (२०६७), 'भाँडो', नेपाली कथा भाग ३ (सम्पा.) दयाराम श्रेष्ठ, ललितपुर : साझा प्रकाशन, पृ. ९६-९९ ।

मल्ल, गोविन्दबहादुर (२०६७), कथैकथा (आठौँ संस्क.), ललितपुर : साझा प्रकाशन ।

शर्मा, मोहनराज (२०७८), समालोचनाका नयाँ कोड, काठमाडौँ : ओरिएन्टल पब्लिकेसन हाउस ।

श्रेष्ठ, दयाराम (२०३९), पच्चीस वर्षका नेपाली कथा, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

श्रेष्ठ, दयाराम (२०६०), 'दृष्टिविन्दु', शोध र सिर्जना सिद्धान्त (सम्पा.) भूपहरि पौडेल, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, पृ.४३८-४४८ ।

श्रेष्ठ, दयाराम (२०६६), अभिनव कथाशास्त्र, काठमाडौँ : पालुवा प्रकाशन प्रा.लि. ।

श्रेष्ठ, दयाराम (२०७९), कथा दर्शन, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।
सुलेमान, मुहम्मद र तैवाब, मुहम्मद (सन् २००४), असामान्य मनोविज्ञान : विषय और व्याख्या, दिल्ली : मोतीलाल वनारसीदास ।
Chatman, S. (1993). *Reading narrative fiction* . New York : Macmillan publishing company .
Kress, N. (2013). *Write great fiction*. Ohio : Writer's digest books.
Lubbock, P. (2006). *The craft of fiction* (Reprinted). London : The project of gutenbarg ebook.
Prince, G. (2003). *A dictionary of narratology* (Revised ed.). London : University of Nebrsaska press.
Scholes, R, Comley, R. Nancy, K. & Silverman. (2000). *The elements of fiction* (fourth ed.). London : Oxford university press.